तिलोत्तमा नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

कार्यपालिका बैठक संख्या १०/०७७/७८ (१०२) मिति २०७७/११/१८ गते

तिलोत्तमा नगरपालिका नगर कार्यपालिकाको कार्यालय मणिग्राम, रुपन्देही लुम्बिनी प्रदेश, नेपाल

प्रस्तावहरुः

१. नव निर्मित मुख्य प्रशासनिक भवन समुद्घाटन सम्बन्धमा ।

२. विविध ।

  क) अन्तर्राष्ट्रिय श्रमिक महिला दिवस सम्बन्धमा ।

  ख) पत्थर डाँडा तिनाउ खोलामा जाने सडक र मंगलापुर कान्छी बजार जाने भै.लु.भुजामा पर्ने सार्वजनिक जग्गाको संरक्षण सम्बन्धमा ।

निर्णयहरु

निर्णय नं. १

- तिलोत्तमा नगरपालिकाको नव निर्मित मुख्य प्रशासनिक भवनबाट सेवा प्रवाह सुचारु भईरहेको भएता पनि भवनको औपचारिक उद्घाटन कोरोना भाईरस (कोभिड-१९) को कारण प्रभावित भएकोमा आगामी २०७७/११/२० गते बिहान ११:०० बजे संघीय सरकारका माननीय अर्थ मन्त्री विष्णु प्रसाद पौडेलज्यूको प्रमुख आथित्यतामा यस नगरपालिका सम्पूर्ण जनप्रतिनिधि, राजनैतिक दल, नगर विकास समिति, नगर शिक्षा समिति, क्याम्पस प्रमुखहरु, तिलोत्तमा उद्योग बाणिज्यसंघ, तिलोत्तमा चेम्बर अफ कमर्स, तिलोत्तमा उद्योग व्यापार संगठन, सामुदायिक विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरु, सामुदायिक तथा संस्थागत विद्यालयका प्र.अ.हरु, खानेपानी, वन, सिचाई, बैक तथा वित्तिय संस्थाका प्रमुखहरु, टोल विकास संस्था तथा क्लवका अध्यक्षहरु, कर्मचारी लगायतको उपस्थितिमा समुद्घाटन कार्यक्रम आयोजना गर्ने निर्णय गरियो ।

निर्णय नं.-२ विविध (क)

- १११ औं अन्तर्राष्ट्रिय महिला दिवस (मार्च ८ २०२१) मिति २०७७ साल फागुन २४ गतेका दिन यस नगरक्षेत्र भित्रका महिलाहरुको आर्थिक, सामाजिक तथा व्यवस्थापकीय रुपान्तरणमा टेवा पुर्याउन विपन्न श्रमिक महिलाहरुलाई प्राथमिकताका आधारमा वडाको सिफारिस बमोजिम साइकल वितरण कार्यक्रम र "महिलाको सुरक्षा, सम्मान र रोजगारः



गंगाराम आचार्य
उपसचिव (शिक्षा)
अधिकृत दशौं तह

वासुदेव घिमिरे
नगर प्रमुख

तिलोत्तमा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मणिग्राम, रुपन्देही
लुम्बिनी प्रदेश, नेपाल

समृद्ध नेपालको आधार" भन्ने विषयमा वक्तित्वकला प्रतियोगिता लुम्बिनी प्रदेशका उप-सभामुख माननीय कृष्णी चौधरीज्यूको प्रमुख आथित्यतामा आयोजना गरी मनाउने साथै उक्त दिन महिलाहरुको सम्मानका लागि सम्पूर्ण उद्योग, कलकारखाना, निर्माण, लगायतका क्षेत्रमा कार्यरत श्रमिकहरुलाई ज्याला नकाटिने गरी विदा दिन संचालक तथा व्यवस्थापकहरुलाई आव्हान गर्ने निर्णय गरियो ।

निर्णय नं.-२ विविध (ख)

- तिलोत्तमा नगरपालिका अन्तरगतको मङ्गलापुर कान्छी बजार सडक खण्ड र पत्थर डाँडा तिनाउ सडक खण्डको सडक स्तरोन्नती गर्ने कार्य अगाडी बढेकोले उक्त सडकमा पर्ने भै.लु.भुज नहर तथा अन्य सिचाई नहरलाई तोकिएको/सार्वजनिक जमिनको भाग छुटयाएर मात्र सडकको न्यूनतम् मापदण्ड पूरा गर्ने निर्णय गरियो ।

गंगाराम आचार्य
उपसचिव (शिक्षा)
अधिकृत दशौं तह

वासुदेव घिमिरे
नगर प्रमुख